## रामारोशन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### रामारोशन अछाम

# वार्षिक सार्वजनिक सुनुवाई प्रतिवेदन

# (आ.व.२०८१/०८२)

सञ्चालित मितिः२०८२।०५।०२

स्थानः रामारोशन गाउँपालिकाको खेलमैदान, मुजाबगर अछाम ।

१. प्रतिवेदनकोपृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १५ मा उल्लेख भएअनुसार, स्थानीय तहले आफ्नो सेवा प्रवाह र विकास निर्माणका कामकारबाहीलाई पारदर्शी, जवाफदेही र नागरिकमैत्री बनाउनका लागि आवधिक रूपमा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ। यसै व्यवस्था अनुरूप रामारोशन गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न गरेका योजना तथा कार्यक्रमहरूको समीक्षा र आगामी योजनाका लागि जनस्तरबाट सुझाव संकलन गर्ने उद्देश्यले यो सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिएको थियो। यस कार्यक्रमको मुख्य उद्देश्य गाउँपालिकाले गरेका कामहरूको जानकारी आम नागरिकमा पुर्‍याउनु, सेवा प्रवाहमा रहेका कमी-कमजोरीहरू पहिचान गर्नु र सोको आधारमा सेवालाई थप प्रभावकारी बनाउनु रहेको छ। यो प्रतिवेदन सोही कार्यक्रममा प्राप्त सुझाव, गुनासा र प्रतिक्रियाहरूलाई व्यवस्थित रूपमा अभिलेख गरी गाउँ कार्यपालिकामा प्रस्तुत गर्नका लागि तयार पारिएको हो

२. कार्यक्रमको विवरण* कार्यक्रमको शीर्षकः रामारोशन गाउँपालिकाको वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रमको प्रतिवेदन

* मितिः २०८२/०५/०२
* समयः बिहान ११:०० बजेदेखि दिउँसो ५:०० बजेसम्म
* स्थानः मुजाबगर खेल मैदान ।

३. कार्यक्रमको उद्देश्य आर्थिक वर्ष २०८१/८२ मा गाउँपालिकाबाट सञ्चालित विभिन्न योजना तथा कार्यक्रमहरूको प्रभावकारिता, उपलब्धि, कमी-कमजोरी र भावी योजनाका बारेमा जनसमुदायबाट प्रत्यक्ष रूपमा सुझाव, गुनासो र प्रतिक्रिया संकलन गरी सोको आधारमा गाउँपालिकाको सेवा प्रवाहलाई थप सुदृढ र पारदर्शी बनाउनु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

४. कार्यक्रममा उपस्थितिको विवरण

* अध्यक्षताः श्री मान बहादुर साउँद (गाउँपालिका अध्यक्ष)
* अतिथिहरूः ४ जना
* सञ्चारकर्मीः २ जना
* वडा अध्यक्ष र सदस्यहरूः २० जना
* अन्य सर्वसाधारणः ६२ जना

५. सार्वजनिक सुनुवाइमा उठेका मुख्य प्रश्न तथा सुझावहरू

| क्र.सं. | प्रश्न, गुनासो वा सुझाव कर्ताको नाम थर र ठेगाना | सहभागीको प्रश्न, गुनासो वा सुझाव | प्रश्न, गुनासो वा सुझावसँग सम्बन्धित निकाय | जवाफ दिने सम्बन्धित व्यक्तिको नाम थर पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|---|
| १ | चक्र बहादुर रावल रा.गा.पा. २ अछाम | १.चिया,नास्ता,इन्धनको रकम प्रयोग नभइ के कसरी भुक्तानी हुन्छ? २.कर्मचारी भ्रमण खर्च २० लाख कसरी भयो? ३. प्रशासकीय भवन डिपिआरको खर्चको विवरण के कसरी कति भयो? | आर्थिक प्रशासन शाखा | राम बहादुर भण्डारी र विवेक राज जैशी | प्रयोग नभइ भुक्तानी हुन्न । कार्यालय कामको सिलसिलामा जादा जनप्रतिनिधी र कर्मचारी समेतको वार्षिक २० लाख सामान्य नै हो । डिपिआर २० लाखको लागतमा बनाइएको हो । |
| २ | जनक बहादुर बिष्ट रा.गा.पा. ४ अछाम | १.सडक बोर्डको खर्च कहाँ कहाँ कसरी भयो? २.कृषि शाखाबाट बिरुवा वडामा कृषक छनौट नगरी मुजाबगर बाटै मनपरी तरिकाले कसरी वितरण हुन्छ? | गाउँपालिका पुर्वधार शाखा कृषि शाखा | गिर्वाण विक्रम खत्रि पवन अधिकारी | काम नगरी खर्च भएको छैन र हुन्न पनी विरुवाको संख्या कम भएकोले मुजाबगर स्थित कार्यालयबाट वितरण भएको हो । अव वडा कार्यालयमार्फत विवरण हुने व्यवस्था मिलाउछौ । |
| ३ | पदम बहादुर शाह रा.गा.पा. ५ अछाम | १.सार्वजनिक सुनुवाई बर्षमा कति पटक हुन्छ? | गाउँपालिका | राम बहादुर भण्डारी | वर्षमा १ पटक गरेका छौ । अव २ पटक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २.मिडियाले कसले कति किन भुक्तानी भयो? <br>३.करार कर्मचारीहरुको तलबमानमा किन फरक छ? | | | गर्ने सोचेका छौ । <br>मिडियाले यो वर्ष भुक्तानी लिएको रकम १५ लाखको सेरोफेरोमा हो । <br>फरक फरक स्थानमा कार्यरत करार कर्मचारीको तलव फरक भएको होला । |
| ४ | लाल बहादुर बटाला <br>रा.गा.पा. ४ अछाम | १.शिक्षा शाखाबाट अनुगमन भयो कि भएन कति वटा सामुदायिक सिकाई केन्द्र सञ्चालनमा छन र के का आधारमा स.का.को तलब भुक्तानी हुन्छ र शैक्षिक सामग्रि वितरण हुन्छ? <br>२.कृषि प्राविधिकहरुको अहिले सम्म पनि कृषकहरुसँग किन परिचय हुन सकेनन कृषिहरुसँग भेटभाट गर्न फिल्डमा किन जान्नुहुन? | गाउँपालिका | नविन ओझा <br>पवन अधिकारी <br>प्रमुख प्रशासकीय अधिकृत | शिक्षा शाखाबाट अनुगमन भएको छ तर सा सि के व्यवस्थित छैनन । व्यवस्थित वनाएर लैजान्छौ । <br>कृषि प्राविधिक वडामा छन र आवश्यक्ता अनुसार कृषकसंग सहकार्य गरिरहेका छन । |
| ५ | भिष्म साउद | १.यो भन्दा अगाडि सार्वजनिक सुनुवाई भएन? | गाउँपालिका | राम बहादुर भण्डारी <br>मान बहादुर साउँद | बिचका केहि वर्ष सार्वजनिक सुनुवाइ भएन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २. मागेका सूचना किन प्राप्त हुदैनन्? ३.कर्मचारी नियुक्ति गर्दा कुन ऐन प्रयोग गरेर गर्नु भएर पछि कर्मचारीले नछोडेको उसमा पनि मन परि तरिकाले बैकल्पिक कर्मचारीलाई कुन किसिमले नियुक्ति दिनु भयो ? ४. असिमित कर्मचारी दरबन्दि बाहेकका किन भर्ना गर्नु भयो? ५.रामारोशन गाउँपालिकाले रामारोशन सरकार भयोको अनुभुति कसरी दिलाउन के गर्ने योजना रहेको छ? | | | अव वर्षको २ पटक गर्छौं । प्रयोजन खुलाएर नियमानुसार माग गरेका सूचना दिन्छौ । करार कर्मचारी नियुक्ति गर्दा प्रचलित नेपाल कानुन र रामारोशन गाउँपालिकाको करार कर्मचारी सम्बन्धी कानुन बमोजिम गर्छौं । कहिले काहि आवश्यक्ता परेको वखत पद र कार्यविवरण मिल्ने अवस्थामा कार्यपालिकाले निर्णय गरे वैकल्पिकबाट पनि नियुक्ति गरका छौ । आवश्यक्ताको आधारमा नियुक्त गरेका छौ । हामी सकेको राम्रो गर्छौं । ठिक मात्रै गर्ने नै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | हाम्रो एक मात्र योजना हो । |
| ६ | दल बहादुर रोकाया वडा सदस्य वडा नं.५ | १.अतिथि सत्कार मुख्यमन्त्रि तथा सामाजिक विकास मन्त्रिको रकम | गाउँपालिका | मान बहादुर साउँद राम बहादुर भण्डारी | उहाहरुको खर्चको रकम हाम्रो सामान्य अथिति सत्कार अन्तरगत विनियोजित रकम मध्येबाट पुग्ने अवस्था थिएन तसर्थ त्यो भुक्तानी हुन सकेन । |
| ७ | उदय बहादुर रोकाया रा.गा.पा. ५ अछाम | १.तालमा ढुंगामा चढदा खेरी आफ्ना मान्छेलाई किन कसरी राजस्व लिइदैन? | गाउँपालिका | प्रप्रअ | स्वयं प्रमुख प्रशासकीय अधिकृत नै भए पनि राजश्व रकम छुट नदिनु भन्ने लिखित आदेश छ । कसैलाई छुट दिइन्न । |
| ८ | चक्र बहादुर रावल रा.गा.पा. २ अछाम | १.रोजगारमा छनौट भएका कामदारहरु के कसरी छनौट हुन्छन ? २. स्वास्थ्यको औषधि खरिदमा कोटेशन मार्फत एक जना राजनीतिज्ञलाई के कसरी दिनु भयो के यो मिलोमतोमा भएको हो? ३.प्रमुख प्रशासकीय अधिकृत श्री राम | गाउँपालिका | रोजगार संयोजक मानबहादुर साउँद राम बहादुर भण्डारी गापा अध्यक्ष मान बहादुर साउँद | कानुन अनुसार सुचना प्रकाशित भैसकेपछि संकलित आवेदन अनसारको अनलाइन प्रविष्टि गरिससकेपछि सिस्टमले नै लाभग्राहीको छनौट गर्छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बहादुर भण्डारीलाई पहिला के कारणले यँहाबाट सरुवा गर्नु भयो ? फेरी किन ल्याउनु भयो? | | | ब्यक्तिलाई कोटेसन दिन सकिने अवस्था हुदैन । रामारोशनको विकास समृद्धि, सुशासन परवर्द्धन, शैक्षिक रुपान्तरण, वास्तविक रुपमा रामारोशनको हित बाहेको अन्य कुनै सम्झौता भएको छैन र हुदैन पनी । |

७. सार्वजनिक सुनुवाइको निष्कर्ष र भावी कार्ययोजना

सार्वजनिक सुनुवाइ कार्यक्रमबाट गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणमा देखिएका कमजोरीहरू पहिचान गर्न सहयोग पुगेको छ। यस कार्यक्रमले नागरिकलाई आफ्नो सरकारप्रति जवाफदेही बनाउनुका साथै सुशासन प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। यस कार्यक्रममा उठेका सुझाव तथा गुनासोहरूलाई सम्बोधन गर्नका लागि देहायका कार्ययोजनाहरू बनाइएको छः

* यस प्रतिवेदनमा उल्लेख गरिएका सबै सुझावहरूलाई गाउँ कार्यपालिकाको बैठकमा प्रस्तुत गरिनेछ।
* प्राथमिकताका आधारमा आगामी बजेट तथा कार्यक्रममा सो सुझावहरूलाई समावेश गरिनेछ।
* सुझाव कार्यान्वयन भए नभएको बारेमा नियमित अनुगमन गरिनेछ।

➢ **फोटाहरुः**


"चासो गुनासो र जिज्ञाशाको समिश्रण"
रामारोशन गाउँपालिका अछामको
आ. व. २०८१/०८२ को
बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम
कार्यक्रम
मिति - २०८२ भाद्र ०२ गते
स्थान - मुजाबगर खेल मैदान
आयोजक
रामारोशन गाउँपालिका


"चासो गुनासो र जिज्ञासाको सम्बोधन"
रामारोशन गाउँपालिका अछामको
आ. व. २०८१/०८२ को
कार्यक्रम
आयोजक
रामारोशन


रामारोशन गाउँपालिका अछामको
आ. व. २०८१/०८२ को
सुनुवाई कार्यक्रम
रामारोशन


रामारोशन गाउँपालिका अछामको
आ. व. २०८१/०८२ को
बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम
कार्यक्रम
मिति:- २०८२ भाद्र ०२ गते
स्थान:- मुजाबगर खेल मैदान
आयोजक
रामारोशन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तडा, अछाम








'चासो गुनासो र जिज्ञासाको समिश्रण'
रामारोशन गाउँपालिका अछामको
आ. व. २०८१/०८२ को
बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम
कार्यक्रम
मिति :- २०८२ भाद्र ०२ गते
स्थान :- मुजाबगर खेल मैदान
आयोजक
रामारोशन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तडा, अछाम
रामारोशन


'चासो गुनासो र जिज्ञासाको समिश्रण'
रामारोशन गाउँपालिका अछामको
आ. व. २०८१/०८२ को
बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम
कार्यक्रम
मिति :- २०८२ भाद्र ०२ गते
स्थान :- मुजाबगर खेल मैदान
आयोजक
रामारोशन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तडा, अछाम

